# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय पशु सेवा शाखा मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

**बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन सम्बन्धि सूचना ।**

**सूचना नं. ४-२०७७/०७८**

सूचना प्रकाशित मिति : २०७७/०८/०९

आर्थिक बर्ष २०७७/०७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, मेलम्ची नगरपालिका अर्न्तगत **बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम** संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक समुह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि तथा पशु फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित मितिले १५ औं दिन (मिति : २०७७/०८/२३) भित्र यस मेलम्ची नगरपालिका पशु सेवा शाखामा तोकिएको ढाँचा (अनुसूची-६, अनुसूची-७ र अनुसूची-१०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**(क) पकेटका क्षेत्रहरु :** मेलम्ची नगरपालिका वडा नं. ३, वडा नं. १२ र वडा नं. १३

**(ख) कार्यक्रम :** बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम

**(ग) साझेदारी रकम :** प्रति पकेट अधिकतम रकम रु.५ लाख मात्र अनुदान उपलव्ध गराईनेछ जसमा ५० प्रतिशत रकम साझेदार संस्थाले स्वलगानी गर्नुपर्नेछ ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**

१) तोकिएको ढाँचामा निवेदन (अनुसूची-६, अनुसूची-७ र अनुसूची-१०)

२) सम्बन्धित निकायमा कृषक समुह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि तथा पशु फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

३) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ बर्षको सम्झौतानामाको प्रतिलिपी ।

४) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।

५) कर चुक्ताको प्रतिलिपी ।

६) कार्य समितिको निर्णयको प्रतिलिपी ।

७) सम्वन्धित वडा कार्यालयको सिफारिस ।

८) पकेट संचालनका लागि १००० वटा बाखा संख्या हुनु पर्नेछ ।

९) कार्यक्रमको सम्पूर्ण प्रक्रिया "प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७" बमोजिम संचालन गरिनेछ ।

**थप जानकारीका लागि :** मेलम्ची नगरपालिका पशु सेवा शाखा वा एकिकृत सेवा केन्द्र, पिप्लेमा सम्पर्क राख्न सक्नुहुनेछ । साथै अनुसूचीहरु मेलम्ची नगरपालिकाको वेबसाइट www.melamchimun.gov.np वाट डाउनलोड गर्न सक्नुहुनेछ ।

७७/८/९

०७७/८/९

कुमार प्रसाद कोइराला
प्रमुख प्रशासकीय अधिकृत